जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

बर्षः १२, अंकः १५३ पृष्ठः ४ | २०८२ असोज २२ गते बुधबार (Wednesday 08 Oct. 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

# पालिका प्रमुखले कार्यबाहक वडाध्यक्षलाई खुट्टामा मालिस गराएपछि...

## भिडियो सार्वजनिक भएपछि पालिका अध्यक्ष चौधरीले तानाशाही र हुकुमी शासन चलाइरहेको भन्दै सर्वत्र आलोचना भएको छ।

**शैलेन्द्र महतो**

सप्तरी, २१ असोज। सप्तरीको अग्निसाइर कृष्णवरन गाउँपालिका अध्यक्ष दिनानाथ चौधरीले आफ्नो खुट्टामा एकजना व्यक्तिलाई मालिस गराएको भिडिओ यतिबेला सामाजिक सञ्जालमा भाइरल भइरहेको छ। अध्यक्षको खुट्टा दबाएर मालिस गर्ने व्यक्ति हुन्, सोही गाउँपालिका वडा नम्बर ५ का कार्यबाहक वडाध्यक्ष हरि खंग। गाउँपालिका कार्यालयकै एक सोफामा सुतेका अध्यक्ष चौधरीको खुट्टा दबाउँदै कार्यबाहक वडाध्यक्ष खंगले मालिस गरिरहेको भिडिओमा देखिन्छ। उक्त भिडियो यही ५ असोजको हो।



भिडियो सार्वजनिक भएपछि पालिका अध्यक्ष चौधरीले तानाशाही र हुकुमी शासन चलाइरहेको भन्दै सर्वत्र आलोचना भएको छ। पालिकामा यस किसिमको अपाच्य क्रियाकलाप तानाशाही शासनको उपज भएको प्रतिक्रिया आइरहेको छ।

**के हो घटना ?**

यो घटना गाउँपालिकाको गाउँसभासँग जोडिएको छ। कानुनतः १० असारभित्र भइसक्नुपर्ने गाउँपालिकाको गाउँसभा ४ असोजसम्म भएको थिएन। १० भदौमा गाउँसभा बोलाइए पनि हुन सकेन। त्यसपछि ५ असोजमा बोलाइयो। अध्यक्ष चौधरी ५ असोज बिहान १० बजे पालिका पुगेका थिए। वडा नम्बर ३ का वडाध्यक्ष गोपालप्रसाद चौधरी, वडा नम्बर ४ का वडाध्यक्ष तेजनारायण यादव र वडा नम्बर ६ का वडाध्यक्ष अशोक कुमार आचार्य पनि गाउँपालिका पुगिसकेका थिए।

बिहान ११ बजेतिर वडा नम्बर ५ का कार्यबाहक वडाध्यक्ष खंग पुग्दा उपाध्यक्षको कार्यकक्षको सोफामा पालिका अध्यक्ष चौधरी पल्टेका थिए। खंगका अनुसार तीनजना वडाध्यक्ष बसिरहेका थिए। केही बेरअघि पालिका अध्यक्ष चौधरी र वडाध्यक्षहरूबीच गाउँसभाको लागि नोकझोक चलेको थियो। त्यसपछि रुष्ट भएका पालिका अध्यक्ष चौधरीले सोफामा पल्टेर गाउँसभा आज नहुने अडान लिए।

'म अब घर जान्छु। कपडा पनि छैन। आज परिषद् हुँदैन,' पालिका अध्यक्षले भनेका कुरा कार्यबाहक वडाध्यक्ष खंगले सुनाए। पलिका अध्यक्ष चौधरीले खंगलाई बाबु भन्छन् भने खंगले उनलाई काका भन्ने गरेका छन्। त्यहाँ उपस्थित वडाध्यक्षहरूले पालिका अध्यक्षलाई फकाउन खंगलाई जोडबल गरे। खंगका अनुसार वडा नम्बर ३ का वडाध्यक्ष गोपालप्रसादले पालिका अध्यक्षको जिउ-हात दुखेको भन्दै मालिस गरिदिएर फकाउन कर गरे।

'अरे हरि, तिमी नै पालिका अध्यक्षलाई मनाऊ, जसरी पनि आज परिषद् हुनुपर्छ। पालिका अध्यक्षको जिउ दबाइदेऊ,' वडाध्यक्ष गोपालले भनेको कुरा खंगले सुनाए। खंग खुट्टा दबाउन मानिरहेका थिएनन्। तैपनि, पनि अरूको जोडबल र परिषद् नहुँदा जनप्रतिनिधि तथा कर्मचारीले दशैंमा समेत तलब-भत्ता खान नपाउने चिन्ताले खंग मालिस गर्न लागे। 'परिषद् भएको छैन। तलब रोकेर गाउँपालिका भत्ताभुंग छ। जनप्रतिनिधि र कर्मचारीले तलब-भत्ता खान पाएका छैनन्,' खंगले भने, 'जसरी पनि परिषद् गरिदिनुस्। बरु

–बाँकी तीन पेजमा

# ब्राउनसुगरसहित दुई युवक पक्राउ

सिरहा, २१ असोज। धनुषा प्रहरीले करिव ३८ ग्राम अवैध लागुपदार्थ ब्राउनसुगरसहित दुई युवकलाई पक्राउ गरेको छ। जिल्लाको गणेशमान चारनाथ नगरपालिका ७ बाट ३७ ग्राम ९० मिलिग्राम अवैध ब्राउनसुगरसहित सिराहाका मिर्चैया नगरपालिका ७ का २४ वर्षीय निराजन यादव र सप्तरीका राजबिराज नगरपालिका १ का ३१ वर्षीय रोहन कुमार सिंहलाई सुमबार अपरान्ह पक्राउगरेको हो।

विशेष सुचनाको आधारमा इलाका प्रहरी कार्यालय ढल्केवर समेतबाट खटिएको प्रहरीले सिरहा बन्दिपुरबाट बिरेन्द्रबजारतर्फ जाँदै गरेको बा. प्र.०३-००२ प २०८७ नम्बरको मोटरसाइकलमा सवार उनीहरूलाई चेकजाँचको क्रममा पक्राउ उक्त सामाग्रि सहित पक्राउ गरेको प्रहरीले जनाएको छ। पक्राउ परेका उनीहउपर प्रहरीले थप अनुसन्धान गरिरहेको जनाएको छ।

# जानकी मन्दिरमा १०१ कोसेली अर्पण

धनुषा, २१ असोज। कोजाग्रत पूर्णिमाको अवसरमा आज जनकपुरधामस्थित जानकी मन्दिरमा १०१ कोसेली (भार) ल्याइएको छ। महोत्तरीको रतौली गाउँबाट जानकी मन्दिरमा परम्परागत रूपमा ल्याइने १०१ कोसेली यसवर्ष पनि अर्पण गरिएको हो। सयौँ वर्षदेखि निरन्तर चलिआएको यस धार्मिक परम्पराअनुसार, आज पनि रतौलीवासीले विविध पूजा सामग्रीसहितको भार मन्दिर ल्याइएको जानकी मन्दिरका उत्तराधिकारी महन्थ रामारोशन दास वैष्णवले बताउनुभयो।



कोजाग्रत पूर्णिमा हिन्दू धर्ममा विशेष महत्व राख्ने रात हो। धार्मिक विश्वासअनुसार, आज राति देवी लक्ष्मीले जाग्राम बसेका भक्तजनलाई धन र समृद्धिको वर्षा गर्छिन्। त्यसैले यो रातलाई 'अमृत वर्षा' रातका रूपमा लिने गरिन्छ।

रतौलीबाट ल्याइएको भार जानकी मन्दिरको विशेष पूजामा समर्पित गरिन्छ। जुन जानकी र रामप्रति भक्तिको प्रतीकका रुपमा लिइन्छ। यस परम्पराले मिथिला क्षेत्रको सांस्कृतिक र धार्मिक ऐक्यबद्धतालाई मजबुत बनाउँदै आएको पण्डित कुशेश्वर उपाध्यायले बताउनुभयो।

रतौलीका स्व महेन्द्रप्रसाद ठाकुरको घरबाट मन्दिरमा ल्याइएको भारबाटै भगवान सीतारामको चुमाओन गर्ने परम्परा

–बाँकी तीन पेजमा



GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

**प्रकोप जोखिम न्यूनीकरणको पूर्वतयारी गरौं।**

- सम्भावित जोखिमको मूल्याङ्कन गरौं,
- भूकम्प, बाढी, आगलागिजस्ता सम्भावित प्रकोपको बारेमा सचेत बनौं,
- सम्भावित जोखिमबाट बच्न आपतकालीन पूर्वयोजना बनाऔं,
- घर परिवार र छिमेकीहरूसँग मिलेर सुरक्षित स्थानको पहिचान गरौं,
- सम्पर्क बिन्दुहरु तय गरौं, सूचना प्रणालीमा आवद्ध होऔं,
- खाद्यान्न, पानी, प्राथमिक उपचार सामाग्री, टर्चलाइट र आवश्यक औषधि आदि तयारी अवस्थामा राखौं,
- प्रकोप व्यवस्थापन तालिम तथा अभ्यासमा सहभागी बनौं,
- बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिको सुरक्षामा ध्यान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

# सामन्ती शैलीको तामझाम र दोहन बन्द गर्ने मौका

यसपटक मध्य दसैंमा लगभग सबै मुख्य सडक अवरुद्ध भएका थिए। ट्राफिक प्रहरीको तदारुकताले ठूलो सडक दुर्घटना र मानवीय क्षति भने जोगियो। ती कर्तव्यपरायणहरू धन्यवादका पात्र हुन्। तैपनि, कतिपय 'विशिष्ट व्यक्ति'ले आफ्ना मान्छेलाई छिटो बाटो कटाउन ट्राफिक प्रहरीलाई दबाब दिएको गुनासो सुनिएको छ। सडकमा त अरू रोकिए पनि ठूलाबडाका आफन्त रोकिनु हुन्न भन्ने मानसिकता यथार्थमा शासक र शासनमा पहुँच तथा प्रभाव हुनेहरूलाई जनसाधारणभन्दा 'विशिष्ट' ठान्ने सामन्ती संस्कारको अवशेष हो। यही मानसिकता बढ्दै 'नेपोकिड्स'को उत्ताउलो वैभव प्रदर्शन बन्न पुग्ने न हो। आन्दोलनकारी युवा पुस्ताको आक्रोशको एउटा कारण थियो – कथित विशिष्ट व्यक्तिका सन्तान ( नेपोकिड्स)को उत्ताउलो वैभव प्रदर्शन। विशेषगरी राजनीति गर्ने बाबुआमाले कमाएको सन्दिग्ध सम्पत्तिको धाक देखाउनेहरू तिनको आक्रोशको तारो बनेका थिए।

जेन–जीका नाममा भएको आन्दोलनको वातावरण बनाउन 'नेपोकिड्स' को विलासी जीवनप्रतिको घृणा र ईर्ष्याजन्य आक्रोशले 'आगोमा घिउ' थप्ने काम गरेको थियो। त्यही आक्रोशले संसद्, सरकार र संविधानसमेत क्षतविक्षत बनायो सार र रूप दुवैमा। आन्दोलनपछि आन्दोलनकारीकै छनोटमा प्रधानमन्त्री नियुक्त भइन्। उनकै सिफारिसमा मन्त्रिपरिषद् गठन पनि भयो। राज्यका सबै संयन्त्रले सरकारलाई सहयोग पनि गरेको देखियो। मानौ, खड्गप्रसाद ओली नेतृत्वको मन्त्रिपरिषद्सँग सबै आजित भइसकेका थिए।

आन्दोलनबाट नयाँ सरकार बने पनि जनताले शासकहरूको जीवनशैलीमा परिवर्तनको अपेक्षा गरेका छन्। त्यस्तो परिवर्तनमध्ये एउटा हो – 'अति विशिष्ट व्यक्ति'का नाममा सडकमा सुरक्षाका नाममा हुने र गरिने सामन्ती प्रदर्शन सधैँका लागि अन्त्य। समयको पदचाप सुनेर हो कि केही मन्त्रीले यस्तो प्रदर्शनमात्र होइन सामान्य सुविधासमेत नलिले घोषणा गरेका छन्। तर, अरू मन्त्रीले भने पुरानाहरूकै पदचिह्न पछ्याइरहेको देखियो। यथार्थमा यो आन्दोलनको भावनाविरुद्ध हो।

अहिलेका मन्त्रीहरूलगायत कथित 'विशिष्ट व्यक्ति'लाई सुरक्षा खतरा हुनुपर्ने कुनै कारण देखिँदैन। यसैले तिनले अगुवापछुवा गाडीको लर्को लगाएर तामझाम देखाउनु आफूलाई सामान्य नागरिकभन्दा विशेष ठानेर अपनाइने सामन्ती शैलीको सत्ता र शक्तिको प्रदर्शन गर्नु नै हो।

आन्दोलनकारीको सरकार भएकाले यसले चाहने हो भने नेपालको राज्य संयन्त्रका कुनाकाप्चामा जमेको धुलो झैँ शताब्दीयौंदेखि बसेको सामन्ती संस्कृतिको अवशेष मेटाउन सक्छ। अहिले त्यस्ता सामन्ती कुसंस्कार मेटाउन सके पछि आउनेले चाहेर पनि सुरु गर्न सक्नेछैनन्। सेना र प्रहरीका अधिकृतहरूको घरमा घरेलु कामदार जसरी कजाइएका सुरक्षाकर्मीलाई फिर्ता गराउनेदेखि सडकमा विशेष व्यवहार खोज्ने प्रवृत्ति अन्त्य गर्न सक्छ। विमानस्थलदेखि अरू सार्वजनिक स्थानहरूमा पनि जनसाधारणले जसरी नै पालो पर्खने संस्कारको विकास गर्न र गराउन सक्छ।

निजामती कर्मचारी र सुरक्षाकर्मी उच्च अधिकृतहरू मन्त्रीहरूलाई 'अति विशिष्ट व्यक्ति' भएको भान पारिरहन चाहन्छन्। कारण राजनीतिक नेतृत्वले विलासी शैली अपनाएमा आफ्ना लागि पनि सजिलो जो हुन्छ। यसैले शासनलाई सामन्ती तामझाम र संस्कार मुक्त गर्न राजनीतिक नेतृत्व नै अग्रसर हुनुपर्छ।

# सहिद परिवारका १४० सदस्यको निःशुल्क बीमा

जनकपुरधाम, २१ असोज। प्रदेश सरकारले मधेसी प्रतिष्ठानसँगको समन्वयमा मधेस आन्दोलनका क्रममा सहिद भएका १४० जनाका परिवारको निःशुल्क स्वास्थ्य बिमा गरेको छ। प्रतिष्ठानका अध्यक्ष शुभम् यादवका अनुसार अब २४ जनाको बीमा गर्न बाँकी छ। मधेस र तत्कालीन नेपाल कम्युनिष्ट पार्टी ( माओवादी)ले गरेको आन्दोलनमा एक हजार छ जना घाइते वा अङ्गभङ्ग भएका सबैको बिमा गर्ने प्रतिष्ठानको लक्ष्य छ। सहिद परिवारका पाँच जनालाई भने प्रदेश सरकारले प्रतिष्ठानमार्फत तीन हजार रुपैयाँ ५०० बीमा शुल्क प्रदान गर्दै आएको छ।

# जेन–जी आन्दोलन : प्रतिगमनको खाल्डो कि यथास्थितिको गोलचक्कर ?



**उदयबहादुर चलाउने "दीपक"**

लोकतान्त्रिक गणतन्त्र स्थापनापछिको पछिल्लो दशक जनघात र राष्ट्रघातको ऐजेरुले यति नराम्रोसँग जेलियो कि लोकतन्त्र दलतन्त्रमा फेरियो, दलतन्त्र गुटतन्त्रमा फेरियो र गुटतन्त्र परिवारतन्त्रमा फेरियो। संसदीय पार्टीका प्रमुखहरू दलपति हुँदै दलाधिपतिमा फेरिए। समग्रमा भन्ने हो भने लोकतन्त्र राजाविनाको राजतन्त्रमै सीमित भयो। राजनीतिक आवरणमा प्रगतिशील देखिए पनि सारतत्त्वमा लोकतान्त्रिक गणतन्त्र राजतन्त्रकै विकसित शोषणकारी प्रणाली नै हो भन्ने कुराको निर्मम आत्मबोध गर्न नेपाली जनतालाई करिब दुई दशक पर्खनुपऱ्यो। लोकतन्त्रको जनघाती र राष्ट्रघाती सारतत्त्व तब जनसमक्ष उदाङ्गो बन्दै गयोन्र जब बेरोजगारी, महँगी, भ्रष्टाचार, कमिसन, विदेशी ऋणभार 'लोकतन्त्रका आभूषण' बन्न थालेन्र गाउँ–टोलदेखि बालुवाटार र सिंहदरबारसम्म सत्ता र शक्तिको आडमा सार्वजनिक सम्पत्ति दोहन र लुटपाटको संस्थागत गुन्डागर्दीले रजगज हुन थाल्योन्र संसदमा प्रस्तावित र पारित धेरैजसो विधेयक, ऐन–कानुनको संशोधन र सन्धि–सम्झौताहरू देश र जनताको हितप्रतिकूल बन्दै गएन्र शासनाधिकारको सर्वोच्च संस्था संसद् र सांसदहरूको निरीहता एवं लाचारीपन देश र जनतामाथि भारी पर्दै गयो। राजनीति भनेको सत्ता र शक्तिको आडमा भ्रष्टाचार र कमिसनको स्वामित्व हडप्ने एउटा त्यस्तो खेलमा बदलियो, जसको व्यंग्यात्मक प्रस्तुति बन्न पुग्यो– 'पोलिटिक्स इज डर्टी गेम'।

प्रत्येक महिना, हप्ता र झन्डै दिनहुँजसो हुने भ्रष्टाचार काण्डहरू र त्यसकै परिणाम हर क्षेत्रमा जनताले बेहोर्नुपरिरहेको कहरले जनतामा सरकारविरुद्ध मात्र नभएर समग्र राजनीतिविरुद्ध विद्रोहको बारुद जम्मा हुँदै गयो। समय क्रममा जनताको मन–मस्तिष्कमा बढिरहेको उक्त तिरस्कार एक विस्फोटक अभियान 'नेपो किड्स' हुँदै 'जेन–जी आन्दोलन'मा संगठित भयो र 'डेटोनेटिङ'को काम गऱ्यो– सामाजिक सञ्जालमाथि सरकारी प्रतिबन्धको घोषणाले। सत्ता–राजनीतिविरुद्ध विद्रोहको त्यो आगो विभिन्न रूप र स्तरको प्रज्वलन शृंखला अन्तर्गत नै भदौ २३–२४ को जेन–जी आन्दोलनमार्फत एक चरमोत्कर्ष बन्न पुग्यो।

जेन–जी आन्दोलन त्यो भेल हो जसले ढाड र कुम जोडेका भ्रष्टाचार र कुशासनका दुई किनारालाई भत्काएर सतहमुनिको दलाल पुँजीवादी अनुत्पादक चट्टानलाई नेपाली जनतासामु सर्वाङ्ग उदाङ्गो बनाइदियो। सामान्यतः सबै खाले देशमा तथा विशेषतः नवऔपनिवेशिक देशहरूमा भूमण्डलीकृत पुँजीवादले आम जनतामाथि थोपरेको चरम जनघातविरुद्ध विभिन्न नाम र रूपमा अभिव्यक्त यो आँधी एक विश्वव्यापी जनविद्रोहको लहर हो। नेपालमा यो एक त्यस्तो नियमित आकस्मिकता हो, जहाँ एकादुई व्यक्ति वा समूहले चाहँदा वा नचाहँदा पनि यहाँको अनुत्पादक दलाल पुँजीवादी चट्टानको नग्नता सतहमा उजागर हुनु अनिवार्य थियो, जेन–जी आन्दोलन त्यसका लागि उत्प्रेरक बन्यो।

वास्तवमा २०६२/६३ को दोस्रो जनआन्दोलनसँगै सामाजिक विद्रोहको भ्रूण बसिसकेको थियो। त्यो बेलाको राजनीतिक परिवर्तनलाई महाभारतको कथा 'अश्वत्थामा मारियो'झैँ गरियो, जबकि कथा अनुसार पूर्ण वाक्यांश थियो– 'मानिस हो कि हात्ती, अश्वत्थामा मारियो।' आखिर दुनियाँलाई सुनाउन खोजिएकै कुरा त्यति थियो, अश्वत्थामा मारियो, तर वास्तविकता 'मानिस हो कि हात्ती हो' भन्ने वाक्यांशमा अन्तर्निहित थियो। त्यसलाई योजनाबद्ध हल्ला (शंखध्वनि) गरेर ओझेल पारियो। ठिक त्यही शैलीमा संविधानसभाको प्रथम बैठकद्वारा राजतन्त्र अन्त्यको सुरम्य करतलमा दलाल पुँजीवादलाई भव्य संस्थागत गरियो।

हुन त दोस्रो जनआन्दोलनको ऐतिहासिकता असाधारण थियो, जसले करिब अढाई सय वर्षको राजतन्त्र अन्त्यको कीर्तिमान आफूमा दर्ज गऱ्यो। जेन–जी आन्दोलन पनि त्यस्तै एक अर्को अद्वितीय घटनामा दर्ज भएको छ, जहाँ २७ घण्टाको अन्तरालमै विद्रोहसामु सत्ता धर्मरायो, सरकार झुक्यो अर्थात् सत्तासीनहरूले हात उठाए। परिणामस्वरूप पुरानो सरकार ढल्यो र एक नयाँ सरकार बन्यो। पुराना मान्छे अपदस्थ भए र नयाँ मान्छे सत्तासीन भए। इतिहासको विडम्बना के दोहोरियो भने जसरी दोस्रो जनआन्दोलन र विशेषतः त्यो बेलाको माओवादी जनयुद्धले जसरी आर्थिक–सामाजिक अग्रगमनका विषय अलग्गै राखेर केवल राजतन्त्र फाल्नुमै आफूलाई सीमित गऱ्यो, त्यसरी नै जेन–जी आन्दोलनमा पनि सरकार परिवर्तनको परिणामबाहेक शिक्षा, स्वास्थ्य, उद्योग, कृषि, सामाजिक न्याय इत्यादि विषय ओझेल पारिए। अति विचारणीय कुरा के छ भने पुरानो सत्ताको सम्पूर्ण प्रणाली हिजोको झैँ आज पनि जस्ताको तस्तै यथावत् छ।

पुरानो प्रणाली यथावत् रहिरहनुको अर्थ हो शोषणकारी प्रणाली (दलाल पुँजीवाद) कायमै रहनु। दलाल पुँजीवाद कायम रहनुको अर्थ हो, समयक्रममा नवदलाल वा नवखलनायकहरूको जन्म अझै खतरनाक तरिकाले दोहोरिने अवश्यम्भावितालाई स्वीकार गर्नु। किनकि भ्रष्टाचार वा कुशासन कुनै व्यक्ति विशेषको क्षमता वा कमजोरी मात्र नभएर त्यो मूलतः संरचनागत प्रवृत्ति अर्थात् उत्पादन पद्धतिद्वारा निरूपित सामाजिक संस्कृति हो। अतः भ्रष्टाचारको अन्त्य केवल व्यक्तिको अदलाबदली नभएर जनमुखी र स्वाधीन संरचनाको निर्माण हो।

आफ्ना कैयौँ अपूर्णताका बाबजुद जेन–जी आन्दोलनको सबैभन्दा प्रगतिशील पक्ष भनेको दलाल पुँजीवादी उदण्डतालाई सडकमा पछार्नु, उसको जनघाती र राष्ट्रघाती चेहरालाई जनसमक्ष नाङ्गेझार पार्नु हो। विश्वभर नवऔपनिवेशिक देशहरूको अर्थप्रणाली मूलतः दलाल पुँजीवादी रहेको छ, जसले देशमा उद्योग कारखाना खोल्नुको साटो विदेशीको सामान आयात गर्ने बजार बनाएर देशलाई परनिर्भर बनाइरहेको छ, देशको श्रमशक्ति देशभित्रै खपत गर्नुको साटो वैदेशिक रोजगार कम्पनीहरू खोलेर योजनाबद्ध विदेश पलायन गरिरहेको छ, भ्रष्टाचार र कुशासन यस खाले देशहरूको प्रमुख समस्या हो, जसका लागि राजनीति र राजनीतिक नेताहरू सबैभन्दा बढी जिम्मेवार हुन्छन्।

नेपालको सन्दर्भमा यो तथ्यलाई जेन–जी आन्दोलनले सडकमा छताछुल्ल बनाइदिएको छ। पछिल्ला सार्वजनिक आँकडाहरूले बताए अनुसार नेपालका १० प्रतिशत धनीहरूको हातमा कुल सम्पत्तिको ३५ प्रतिशत थुप्रो लागेको छ, जबकि ४० प्रतिशत गरिबहरूको हातमा केवल १० प्रतिशत सम्पत्ति रहेको छ। विश्वव्यापी रूपमा हेर्दा यसको अनुपात १/९९ को रहेको छ। सीमित मानिस अति धनी हुने, श्रमिक वर्गमाथि चरम शोषण हुने र मध्यम तथा निम्नमध्यम वर्गीय तप्का निरन्तर सम्पत्ति गुमाउने प्रक्रियामा छन्। एकातिर सम्पत्तिको अति केन्द्रीकरण र अर्कोतिर तीव्र सर्वहाराकरण वर्तमान विश्व अर्थप्रणालीका दुई विपरीत र अनिवार्य विशेषता बन्न पुगेका छन्। परिणामतः कलर रिभोल्युसन वा जेन–जी आन्दोलन भूमण्डलीकृत वित्तीय एकाधिकार पुँजीवाद र श्रमजीवी वर्गबिच लडाइँको मोर्चा बन्न गएका छन्। विडम्बना के छ भने यस खाले विद्रोहहरूलाई क्रान्तिकारी शक्तिहरूले नेतृत्व गर्ने नभएर उल्टो प्रतिगामी र प्रतिक्रियावादी शक्तिहरूले नै उपयोग गरिरहेका छन्।

नेपालको जेन–जी आन्दोलनको आधारभूत 'मोटिभ' थियो, 'पोलिटिक्स इज डर्टी गेम'। नवयुवा पुस्तामा राजनीति र राजनीतिक नेतृत्वविरुद्ध गहिरो घृणाभाव पैदा गर्न यो मोटिभेसनले गतिलो उत्प्रेरकको काम गऱ्यो। यतिसम्म कि राजनीतिभित्रको सच्चा स्वाभिमान र इमानदारी समेत यसैमा धुलिसात बन्यो। प्रत्येक पार्टी र पार्टीका हरेक राजनीतिकर्मी नैतिक रूपले कोही पनि दोषमुक्त रहेनन्। यही धरातलमा टेकेर जेन–जी गैरराजनीतिक विद्रोह आह्वान गरियो। विद्रोहका नाराहरू राजनीतिक हुँदाहुँदै पनि यसलाई 'कभर्ड' गरियो। तथापि जब विद्रोह सडकमा उत्रियो, तब नवयुवाहरूले यति छिटै बुझ्ने अवसर पाए कि यो आफैँमा भीषण राजनीति थियो। राजनीतिको इपिसेन्टरमा उभिएर उनीहरूले यो कुरा पनि बुझे कि राजनीति फोहोरी खेल हो भन्ने भाष्य आफैँमा अर्को खतरनाक रणनीति थियो। एउटा राजनीतिका विरुद्ध अर्को एक सुनियोजित राजनीति थियो। परिणामतः उनीहरूबाट कति नाटकीय ढंगले विद्रोहको स्वामित्व अपहरण गरियो भन्ने उनीहरू स्वयंको एक तितो भोगाइ बन्यो।

जेन–जी आन्दोलनले अति निर्ममता र चर्को बलिदानको मूल्य भुक्तान गरेर 'राजनीति भनेको नीतिहरूको पनि नीति हो' भन्ने सच्चाइलाई सर्वाधिक स्थापित गरिदिएको छन्र राजनीतिको वर्ग चरित्रका बारे गतिलो शिक्षा दिएको छ। सुगौली सन्धि र दिल्ली सम्झौताहरूले नेपाली राजनीतिको आत्मनिर्भरता र स्वाभिमानलाई कसरी निरन्तर कुठाराघात गर्दै आइरहेका छन् ? अनि, पुँजीवादी प्रणालीभित्र प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र, नागरिकतन्त्र इत्यादि आवरणमा कसरी श्रमिक जनताको चरम शोषण हुने गर्छ भन्ने सत्यलाई थोरै भए पनि बुझ्ने–बुझाउने मौका दियो। नवयुवाहरूका लागि सबैभन्दा महत्त्वपूर्ण शिक्षा यो भयो कि स्पष्ट दृष्टिकोणविना जनताको विद्रोह र बलिदान कसरी षड्यन्त्रपूर्ण खपत हुन्छ ? सारतः जेन–जी आन्दोलनले सबैभन्दा धेरै आफू स्वयंलाई चिन्ने अवसर प्राप्त गऱ्यो, जसले राजनीति र वर्गभन्दा निकै टाढा रहेर सोच्ने गर्थ्यो।

झन्डै प्रत्येक दशकको आसपासमा राजनीतिक विद्रोह र आन्दोलनको स्थिति झेल्ने बिरलै मध्येको एउटा मुलुक नेपाल हो। जहाँ प्रत्येकपटकका आन्दोलनमा केवल राजनीतिक आवरणमा हुने 'डेन्टिङपेन्टिङ'बाहेक आर्थिक सम्बन्ध एकपछि अर्को शोषणकारी बन्दै आएको मुलुक पनि नेपाल नै हो। आफ्नो जीवनमा थोरै भए पनि सुख र समृद्धिको सपना बोकेर ती आन्दोलनमा समर्पित आम जनचाहनामाथि जहिल्यै धोका हुने स्थिति र आन्दोलनकारी तप्काकै एउटा सानो हिस्सा सत्ताधिकारी सम्भ्रान्त वर्गमा रूपान्तरण हुने निरन्तरको प्रक्रियाबाट आजित नेपाली समाजको विस्फोट हो, जेन–जी आन्दोलन। अधिकांश नेता र केही व्यावसायिक समूहका मानिसको घर–सम्पत्तिमाथि

**–बाँकी तीन पेजमा**

*जेन–जी आन्दोलन ...*

आगजनी र तोडफोड मूलतः भ्रष्टाचार र कुशासनविरुद्धको जनआक्रोश हो। कतिपय नेताहरूको घरबाट भेटिएका पैसाका बोराहरूले भ्रष्टाचार कुन हदसम्म चुलिएको रहेछ भन्ने तथ्यलाई अझ बलियो प्रमाणित गरिदिएको छ। बरु यस क्रममा नछोइएका भ्रष्ट प्रशासकहरू, संवैधानिक निकायका प्रमुखहरू र निजी वित्तीय क्षेत्रलाई भने भाग्यशाली नै ठान्नुपर्ने हुन्छ। भ्रष्टाचार र कुशासनविरुद्धको बलिदान र वीरतापूर्ण प्रदर्शन जेन–जी आन्दोलनको निकै उज्यालो पक्ष हो।

जेन–जी आन्दोलनमा पानी वितरण गरेकै कारण वा सामाजिक सञ्जालमा ऐक्यबद्धता जनाएकै आधारमा जब सम्पूर्ण आन्दोलनको स्वामित्व नेपथ्यबाट हडप्ने गजबको काइदा देखाप¥यो, सैनिक मुख्यालयसम्म पुग्दा 'स्टेकहोल्डर'हरूको सूची थपिँदै गयो, राष्ट्र प्रमुख र सेनाका परमाधिपतिको जिम्मेवारीमा रहेका राष्ट्रपतिलाई समेत उछिनेर सेना प्रमुखबाट जनताको नाममा सम्बोधन गरिनु जेन–जी आन्दोलनको बिछट्टै अँध्यारो पाटो हो। सिंहदरबार, बालुवाटार र संसद् भवनमाथिको योजनाबद्ध आगजनीले यही अँध्यारो पाटोतिर संकेत गर्छ। एकातिर यही व्यवस्थाभित्रै रहेर सुशासनको माग गर्नु र अर्कोतिर व्यवस्थापिका संसद्को विघटन गर्नु, त्यसरी नै एकातिर संविधानको घाँटी छिनाएर सरकार गठन गर्नु र अर्कोतिर शरीरबाट अलग भइसकेको संविधानको टाउको जोडेर प्रतिनिधिसभाको 'अर्ली इलेक्सन' घोषणा गर्नु विद्रोहका रहस्यमयी र गम्भीर विरोधाभास हुन्। यसले विद्रोहको नैतिकता, उद्देश्य र उपादेयतामाथि नै पेचिलो प्रश्न खडा गरेको छ।

२००७ सालको आन्दोलनसँग जोडिएको दिल्ली सम्झौताबारे नेपाली कांग्रेस निरन्तर आलोच्य छ। भलै बीपी कोइरालाले निकै पछि मात्र 'भारतमा बसेर क्रान्ति गर्दा क्रान्तिको आत्मनिर्भरता नरहेको' आत्मसमीक्षा गरेका थिए। २०४६ सालको प्रथम जनआन्दोलन पनि आत्मनिर्भरताको प्रश्नबाट मुक्त हुन नसकेको इतिहास साक्षी छ। २०६२/६३ को दोस्रो जनआन्दोलनको आधारविन्दु मानिने बाह्रबुँदे सम्झौता झन् दिल्ली सम्झौताको दोस्रो संस्करण भनेर आलोचित छ। परिणामले पनि के साबित गरेको छ भने त्यो घटना नै माओवादी आन्दोलन पराजयको विशेष मोड थियो। इतिहासका यी अमिट दृष्टान्तहरूलाई साक्षी राखेर हेर्दा एवं आजसम्म विकसित घटना शृंखलाहरू र सार्वजनिक तथ्यहरूबाट के पुष्टि हुन्छ भने जेन–जी आन्दोलन प्रतिगमनको 'भ्याप्ले खोला'बाट फर्किएर यथास्थितिको 'चक्रपथ'मा अवतरित भएको छ।

यो कुरा निश्चित हो कि यथास्थिति कुनै पनि हालतमा समाधान हुन सक्दैन। प्रतिगमन झन् भद्दा मजाक मात्र हो। भविष्य केवल अग्रगमन हो। एउटा सुनिश्चित कुरा के हो भने अग्रगमन र प्रतिगमनबिचको लडाइँमा यथास्थितिवादले कहिल्यै अग्रगमन स्वीकार गर्दैन। अन्तिम समयमा ऊ प्रतिगमनतिरै ढल्को लगाउने गर्छ। अतः नेपाली जनताका प्रत्येक आन्दोलन र विद्रोह अपहरणमा पर्दै आइरहेको तितो वास्तविकतालाई आत्मसात् गर्दै गम्भीर संक्रमणको यो घडीमा हर कुनै क्षेत्रमा आबद्ध सचेत, देशभक्त एवं क्रान्तिकारीले देशको स्वाधीनता र क्रान्तिको आत्मनिर्भरताका बारे ठन्डा दिमागले सोच्नु आजको आवश्यकता बन्न गएको छ। अग्रगमनको आवश्यकता र जेन–जी आन्दोलनको सच्चा मर्म अनुरूप आर्थिक–सामाजिक पुनर्संरचना गर्नु साझा ऐतिहासिक दायित्व बनेको छ।

सच्चा लोकतन्त्र शासकीय स्वरूपको नौरंगी बहस वा निर्वाचनको नौटंकीपूर्ण हल्लामा मात्र सीमित हुन सक्दैन, लोकतन्त्रको सच्चाइ जनअधिकारको सुनिश्चितता हो। नेपाली समाजको वर्तमान सन्दर्भमा जनअधिकारका आधारभूत विषय हुन् कृषि, उद्योग र आवासका लागि राज्यद्वारा निःशुल्क जमिनको व्यवस्था सुनिश्चित गर्नु शिक्षा र स्वास्थ्यमा निजीकरणको पूर्ण अन्त्य घोषणा गर्नुन्न कृषिलाई आधुनिकीकरण र औद्योगिकीकरण गरेर प्रत्येक नागरिकलाई रोजगारीको सुनिश्चितता प्रदान गर्नुन्न निजी बैंक प्रणाली खारेज गरेर वित्तीय शोषणको अन्त्य गर्नुन्न कृषिजन्य उत्पादन राज्यद्वारा खरिद–बिक्रीको व्यवस्था लागु गर्नुन्न राज्यका सबै तहमा उत्पीडित तप्काको समुचित सहभागिता सुनिश्चित गर्नु इत्यादि।

अर्को ज्वलन्त विषय भ्रष्टाचार रहेको छ, जसका बारे यथाशीघ्र अधिकारसम्पन्न सम्पत्ति छानबिन आयोग गठन गरेर राज्यको विशिष्ट ओहोदामा बसेका मानिसको सम्पत्ति छानबिन गरिनुपर्छ। उपर्युक्त सम्पूर्ण विषयको सुनिश्चितताका लागि निर्वाचन अगावै बलियो राष्ट्रिय सहमति कायम गर्नु अनिवार्य हुन्छ। अन्यथा प्रतिनिधिसभाको चुनाव यथास्थितिबाहेक केही पनि हुनेवाला छैन। त्यो केवल पिसाबको तातो हुन जान्छ। अझ भन्ने हो भने जेन–जी आन्दोलनको बलिदानमाथि खेलबाड हुन जान्छ। शान्ति, समृद्धि र सुशासनको जनचाहनामाथि कुठाराघात हुन जान्छ। प्रकारान्तरले अर्को विद्रोहको निम्तो हुन जान्छ। यसर्थ देशको स्वाधीनता र जनताको अधिकारप्रति समर्पित सबैले बल गर्नैपर्छ– जेन–जी आन्दोलन प्रतिगमनको खाल्डो वा यथास्थितिको गोलचक्कर नबनोस्। रातोपाटीबाट

*जानकी मन्दिरमा...*

छ। भारमा पान, मखान, लु, खाजा, चामल, दाल तरकारी, भगवान् राम र माता जानकीको कपडा ल्याइन्छ। सो परम्परा सयौँ सालदेखि चल्दै आएको छ। भारमा पान, मखन, फलफूल, दही, मिठाइ, सौँफ, मुमफली अनिवार्य हुन्छ भने बेहुलासहित उनको परिवारका हरेक महिला सदस्यका लागि कपडा लग्नुपर्ने हुन्छ। बेहुलीको घरबाट बेहुलाको घरमा भार आएपछि बेहुलालाई चुमाउने गरिन्छ। अर्थात् चुमाओन गरिन्छ। पुरोहितले मन्त्रोच्चारण गर्दै बेहुलालाई चुमाएपछि ठूलाबडाले आशीर्वाद दिने गर्छन्। यस दिन बेहुलालाई मिथिलाको पाग लगाइ ससुरालीबाट आउने कपडा पहिराउने गरिन्छ।

बेहुलीकै घरबाट आउने डाला, धान, अक्षता, दही, केराजस्ता पूजा सामग्रीबाट बेहुलालाई चुमाउने गरिन्छ। बेहुलाको टाउकोदेखि खुट्टासम्म पाँच प्रमुख स्थानलाई चुमाउने चलन छ। चुमाओन गरिनु भनेको एक किसिमको आशीर्वाद दिनु हो। चुमाओन विधि सकिएपछि सामूहिक रूपमा भोजजस्तै खानपिनको आयोजना गरिन्छ। क्षमता हुनेले ठूलो भोजकै आयोजना गर्छन्। यस अवसरमा मिठाइ, मखन, पान बाँड्नैपर्ने हुन्छ।

खानपिनपछि कौडासहित पचिसी खेल्ने चलन छ। आठ कौडीहरू र सोह्र गोटीद्वारा पासाका चौँसट्ठी बेहुला र बेहुलीका दाजु वा भाइबीच खेलिन्छ। बेहुली पक्षबाट यस दिन भारका साथै अन्य सामान दिने चलन छ। आभूषण, औँठी, छाता, घडी पनि बेहुला पक्षलाई बेहुली पक्षले दिनुपर्ने हुन्छ। यसदिन छोरीको विवाह गर्दा प्रतिबद्धता गरेअनुसार बाँकी दाइजो दिने चलन छ। यसदिन बेहुली पक्षबाट कम्तीमा पाँच देखि ११ वा १५ जनासम्म भार लिएर आउने गर्छन्। क्षमता हुनेले सय वटासम्म र नहुनेले कम्तीमा ११ वटासम्म भार पठाउनुपर्ने हुन्छ।

छोरीको विवाह भएर बिदाइ गर्ने बेलामा दिइने कोसेलीझैँ कोजगरा पर्वमा कोसेली दिने गरिन्छ। मिथिला संस्कृतिअनुसार यसअघि मधुश्रावणीका दिन बेहुलाको घरबाट बेहुलीको घरमा भार पुऱ्याउनुपर्ने हुन्छ।

**जानकी मन्दिरमा महोत्सव**

कोजाग्रत पूर्णिमाका दिन जनकपुरधामको प्रसिद्ध धार्मिकस्थल जानकी मन्दिरमा विशेष महोत्सवको आयोजना गरिएको छ। कोजाग्रत पूर्णिमालाई भव्य बनाउन जानकी मन्दिरमा भजन कीर्तनको आयोजना गरिन्छ। प्रत्येक वर्ष उत्सवका बेला हाँस्यपरिहास आयोजना हुने जानकी मन्दिरका महन्थ रामतपेश्वर दास वैष्णवले बताउनुभयो। महोत्सवलाई आकर्षक बनाउन मन्दिरमा भजन कीर्तन आयोजना गरिन्छ। महन्थ वैष्णवकाअनुसार मिथिलानीले आफ्नो ज्वाइँका लागि पनि भार पठाउने गर्छन्। यो परम्परा विगत ११५ वर्षदेखि चल्दै आएको बताइन्छ।

# बाढी र पहिरो पीडितलाई तत्काल राहत उपलब्ध गराउने सरकारको निर्णय



काठमाडौँ, २१ असोज। सरकारले बाढी र पहिरो पीडितलाई तत्काल राहत उपलब्ध गराउने निर्णय गरेको छ। विपद् व्यवस्थापन राष्ट्रिय परिषद्को मंगलबारको बैठकले मापदण्ड अनुसारनै राहत वितरण गर्ने निर्णय गरेको हो। बाढी पहिरोबाट घरबास गुमाएकालाई तत्काल अस्थायी बसोबासको व्यवस्था मिलाउने र स्थायी आवासका लागि प्रक्रिया अगाडि बढाउनेलगायत निर्णय भएको छ। मापदण्ड अनुसार मृतकका परिवारले २ लाख रुपैयाँ राहत पाउनेछन्।

बाढी पहिरोबाट विस्थापित भएकालाई अस्थायी आवास निर्माणका लागि ५० हजार रुपैयाँ दिने निर्णय पनि भएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख इन्जिनियर दिनेशप्रसाद भट्टले जानकारी दिनुभयो। उहाँका अनुसार अस्थायी आवास निर्माणका लागि तत्काल २५ हजार रुपैयाँ र आवासको संरचना निर्माण गरेपछि २५ हजार रुपैयाँ राहत उपलब्ध गराइनेछ। स्थायी आवास निर्माणका लागि भने हिमालमा ५ लाख, पहाडमा ४ लाख र तराईमा ३ लाख रुपैयाँ उपलब्ध हुनेछ।

बैठकले सडक तथा अत्यावश्यक सेवा सञ्चालन गर्न ३ वटै तहका सरकारबीच समन्वय गर्ने निर्णय पनि गरेको छ। विपदपछि महामारीको सम्भावना देखिएकोले स्वास्थ्य मन्त्रालयसँगै प्रदेश र पालिकाले संयुक्त रूपमा पहल गरेर सतर्कता अपनाउने निर्णय गरिएको भट्टले जानकारी दिनुभयो। बेपत्ताको खोजी कार्यलाई निरन्तरता दिने निर्णय भएको छ। प्राधिकरणका कार्यकारी प्रमुख भट्टका अनुसार गएको शुक्रवार र शनिवारको वर्षाका कारण इलामसहित विभिन्न जिल्लाका गरी ५२ जनाले ज्यान गुमाएका छन्। बेपत्ता भएका ५ जनाको खोजी भइरहेको छ। त्यस्तै ४७ जना घाइते भएका छन्।

बैठकमा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीलाई विपद्सँग जुध्नका लागि आवश्यक पर्ने सम्पूर्ण औजार र सामग्री उपलब्ध गराउन सरकारलाई विज्ञले सुझाव दिएका छन्। बैठकमा सहभागी परिषद्का विज्ञ सदस्य गंगालाल तुलाधरले नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीलाई आवश्यक तालिम र समानुकूल उपकरणले सुसज्जित बनाउन सरकारलाई सुझाव दिएको बताउनुभएको छ।

# वर्षा र हुण्डरीले केराखेतीमा क्षति

सुनसरी, २१ असोज। गत शनिबार र आइतबार वर्षासँगै आएको हावाहुण्डरीका कारण यहाँका विभिन्न स्थानका केराखेतीमा ठूलो क्षति पुगेको छ। सदरमुकाम इनरुवासहित भोक्राहा, हरिनगरलगायत क्षेत्रका केराखेतीमा ठूलो क्षति पुगेको हो। आठवर्षदेखि केराखेती गर्दै आउनुभएका भोक्राहा नरसिंह गाउँपालिका–२ का एयुब साहमियाँले सात बिघा जग्गा भाडामा लिइ रु छ लाख बैंकबाट ऋण लिएर मियाँ केराखेती गर्नुभएको थियो। उहाँको तीन बिघा एक कट्ठा केराखेतीमा क्षति पुगेको छ।

करिब रु१३ लाखभन्दा बढीको क्षति पुगेको उहाँले जानकारी दिनुभयो। वर्षेनी बाढीले केराखेतीमा रु १० लाखदेखि रु

–बाँकी अन्तिम पेजमा

*पालिका प्रमुखले ...*

खुट्टै दाबिदिन्छु भनेर पालिका अध्यक्षलाई मनाउने प्रयास गरें। दुई मिनेटजति खुट्टा दबाएँ।'

त्यहाँ बसेका अन्य वडाध्यक्षले पालिका अध्यक्षलाई कार्यबाहक वडाध्यक्षले मालिस गरेको भिडियो खिचेको खंगको भनाइ छ। 'जसरी पनि परिषद् गराउनुपर्छ भनेर अध्यक्षलाई फकाउन वडाध्यक्षहरूले नै जोडबल गर्नुभयो। उहाँहरूले नै भिडियो खिचिरहनुभएको थियो। अहिले सार्वजनिक भएको छ,' खंगले भने, 'मैले अध्यक्षलाई काका भन्ने गरेको छु। काकालाई फकाउन खुट्टा हल्का मालिस गरेको हुँ। मैले गल्ती गरे जस्तो लाग्दैन। म त अनपढ मान्छे हुँ नि।' वडाध्यक्षहरूकै अडानले त्यसै दिन गाउँसभा समेत सम्पन्न भएको थियो।

वडा नम्बर ६ का वडाध्यक्ष अशोककुमार आचार्यले आफू कार्यालयको प्रांगणमा रहेकै बेला उक्त घटना भएको बताए। जसरी पनि गाउँसभा गर्न पालिका अध्यक्षलाई दबाब दिन र फकाउने प्रयासमा कुनै कसर बाँकी नरहेको उनको भनाइ छ। 'त्यो भिडियो खिचिरहेको को बेला म बाहिर प्रांगणमा थिएँ। त्यही घटनाका कारण गाउँसभा सम्भव भयो,' आचार्यले भने, 'अध्यक्ष र हरिबीच काका–भतिजको जस्तो व्यवहार भइरहन्छ। त्यसैले त्यो ठूलो इस्यू हो जस्तो मलाई लाग्दैन।'

खंग वडा नम्बर ५ को कार्यबाहक वडाध्यक्ष बनेको दुई वर्ष जति भयो। वडाध्यक्षमा निर्वाचित शब्दुल मियाँ भ्रष्टाचारमा दोषी ठहर भएपछि वरिष्ठताको आधारमा खंगलाई कार्यपालिकाले कार्यबाहक वडाध्यक्ष बनाउने निर्णय गरेको थियो। भिडियो सामाजिक सञ्जालमा हेरेपछि आफूले घटना थाहा पाएको अग्निसाइर कृष्णवरन गाउँपालिका उपाध्यक्ष कल्पना चौधरीले बताइन्।

'मैले पनि मालिसको भिडियो सामाजिक सञ्जालमा हेरें,' उनले भनिन्, 'उहाँले किन त्यसो गर्नुभयो उहाँहरू दुई जनालाई थाहा होला।' गाउँपालिकामा मिश्रित परिणाम भएकोले बेलाबेलामा स्वार्थको विवाद हुने गरेको छ। ६ वटा वडामा एमालेले पालिका अध्यक्षसहित १ र ५ वडा जितेको छ। नेपाली कांग्रेसले उपाध्यक्षसहित वडा नम्बर ३, ४ र ६ जितेको छन्। वडा नम्बर २ भने माओवादीले जितेको छ। चार वर्षअघि धनुषाको विदेह नगरपालिकाका मेयर बेचन दासले कार्यालयकै सोफामा यसरी नै कार्यालय सहयोगीलाई मालिस गराएको भिडियो सार्वजनिक भएको थियो। त्यसबेला उनको पनि चर्को आलोचना भएको थियो। अनलाइनखबरबाट

# बालेन र सुदनविरुद्धको जाहेरी दर्ता भएन, २४ घण्टामा प्रहरीले जवाफ दिने

**जोहरी दर्ता नभए पनि प्रहरीले २४ घण्टाभित्र जवाफ दिने बताएको अनेरास्ववियुका पूर्वअध्यक्ष समिक बडालले बताए।**



काठमाडौं, २१ असोज। एमालेनिकट अनेरास्ववियुले काठमाडौं महानगरपालिका मेयर बालेन्द्र शाह र हामी नेपाली संस्था अध्यक्ष तथा जेन-जी आन्दोलनका अगुवा सुदन गुरुङविरुद्ध काठमाडौं प्रहरीमा जाहेरी दिएको छ। जोहरी दर्ता नभए पनि प्रहरीले २४ घण्टाभित्र जवाफ दिने बताएको अनेरास्ववियुका पूर्वअध्यक्ष समिक बडालले बताए। 'मुद्दा फाँटमा राजु अधिकारी सरलाई भेटेर जाहेरी दिएका छौं,' बडालले अधिकारीलाई उद्धृत गर्दै भने, 'उहाँले सरकारी वकिलको राय लिएर २४ घण्टाभित्र जवाफ दिन्छौं भन्नु भयो। हामी त्यसको प्रतिक्षामा छौं।'

भाद्र २३ र २४ गतेको आन्दोलनको विषयमा जाहेरी दिएको अनेरास्ववियुले जनाएको छ। 'आन्दोलनमा व्यक्ति हत्या भएको छ। आन्दोलनमा उक्साउने काम भएकाले यस्तो हत्या हुन पुगेको हो। राष्ट्रिय सम्पत्ति जलाउने र तोडफोड गर्न उक्साउने काम भएको छ। नेपाली नागरिक भएर विदेशीलाई जासुसी गर्नेविरुद्ध जाहेरी दिएका हौं,' बडालले भने। लुटपाट, आगजनी, प्रहरीलगायत व्यक्ति हत्या गरेको आरोपमा कारबाहीका लागि जाहेरी दिएको अनेरास्ववियुका महासचिव दीपक धामीले बताए। जाहेरी लिएर अनेरास्ववियुका कार्यकर्ताहरु भद्रकालीस्थित प्रहरी परिसर काठमाडौं पुगेका थिए।

# बाढीले पाइप बगाएपछि ५०० परिवार खानेपानीबाट वञ्चित

बरहथवा, २१ असोज। अविरल वर्षापछिको बाढीले खानेपानीको पाइप बगाएपछि यहाँको लालबन्दीमा ५०० परिवार खानेपानी सुविधाबाट वञ्चित भएका छन्। लालबन्दी नगरपालिका-१५, कालिञ्जोर खोलाले पाइप बगाएको हो। सोही वडाअन्तर्गत खोलाको ड्याममाथि निर्माण गरिएको रिजर्भ ट्यांकीबाट खोला किनार हुँदै लालबन्दी-१५, चिसापानी क्षेत्र र १६ परवानीपुर क्षेत्रमा खानेपानी पुर्याइएको थियो। खोलाले दुवैतर्फको पाइपलाइनमा क्षति गरेको वडाध्यक्ष गोरख बलले जानकारी दिए।

हाल चिसापानी, परवानीपुरलगायत क्षेत्रका ५०० परिवारले एक घण्टा समय लगाएर ठडेगैरी पँधेराबाट पानी ल्याउन बाध्य हुनुपरेको स्थानीय सानो बाबु कार्कीले बताए। उमेरले ६७ वर्ष पुगेका कार्कीले घरमा तन्नेरी कोही नहुँदा आफूले निकै कष्ट बेहोर्नु परिरहेको गुनासो गरे। घरमा धारा जोडेको हप्ता दिन नहुँदै बाढीले पाइपलाई बगाएको हो। बाढीले लगभग १०० मिटर पाइपमा क्षति पुगेको वडाध्यक्ष बलले जानकारी दिए।

यसअघि बेमौसमी वर्षापछि हरिवन खोलामा बाढीले बागमती नगरपालिका-१, मा रहेको बृहत् खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको खानेपानीको मुख्य पाइप लाइनमा क्षति पुऱ्याएको थियो। एक सय ५० मिटर पाइप खोलाले बगाएपछि नगरपालिका-२ र ३ का १३ सय ५० घरधुरी खानेपानीबाट वञ्चित भएका थिए। पाइप बगाएको ठाउँमा मर्मतको काम भइरहेको संस्थाका अध्यक्ष वसन्त भट्टराईले जानकारी दिए।

# धनुषामा करेन्ट लागेर एक पुरुषको मृत्यु

जनकपुरधाम, २१ असोज। धनुषाको विदेह नगरपालिका-२ दुहबीमा गएराति करेन्ट लागेर ५५ वर्षीय हरि पण्डितको मृत्यु भएको छ। जिल्ला प्रहरीका अनुसार गएराति करिब १०:३० बजेतिर सुत्न जाँदै गर्दा फलामे गेटमा करेन्ट प्रवाह भई पण्डित गम्भीर घाइते भएका थिए। उनलाई तुरुन्तै उपचारका लागि जनकपुरधामस्थित प्रादेशिक अस्पताल लगिएको भए पनि चिकित्सकले मृत घोषणा गरेका थिए। पण्डित जन्मजात अपाङ्ग थिए र राति सुत्ने क्रममा घरको मुख्य गेट बन्द गर्न खोज्दा करेन्ट लागेको प्रारम्भिक अनुसन्धानबाट थाहा भएको प्रहरीले जनाएको छ।

घरमा बिजुलीको तार कटेर गेटमा करेन्ट प्रवाह भएको कारणले दुर्घटना भएको आशंका गरिएको छ। स्थानीयहरूका अनुसार हरि पण्डित बालबालिकालाई ट्युशन पढाएर जीविका चलाउँदै आएका मेहनती व्यक्ति थिए। उनको परिवारमा एक छोरा र एक छोरी रहेका छन्। छोरा विदेशमा छन् भने छोरी विवाह भई ससुरालीमा बस्छिन्। श्रीमती भने श्रीमानको निधनको समाचार सुनेपछि अचेत अवस्थामा रहेको परिवारजनले बताएका छन्।

मृतकको शवको पोष्टमार्टम जनकपुरधाम प्रादेशिक अस्पतालमा भइरहेको छ। परीक्षणपछि शव परिवारको जिम्मा लगाइने जनाइएको छ।

## वर्षा र हुण्डरीले ....

२५ लाखसम्म क्षति हुने गरेको मियाँको भनाइ छ। त्यसैगरी, स्थानीय वीरेन्द्र ठाकुरले सात कट्ठामा रु एक लाख लगानी गरेर लगाएको केराखेतीमा पनि ठूलो क्षति पुगेको स्थानीय किसानहरुले बताएका छन्। जिल्लामा व्यावसायिक केरासहित अन्य बाली लगाउँदै आएका किसानले प्राकृतिक विपद्मा ठूलो क्षतिको सामना गर्दै आएका छन्।

जिल्लामा ५३० हेक्टर क्षेत्रफलमा यस वर्ष केराखेती भएको कृषि ज्ञानकेन्द्र सुनसरीका प्रमुख नीलकमल सिंहले जानकारी दिनुभयो। बाढीका कारण कृषि क्षेत्रमा भएको क्षतिको विवरण सङ्कलन भइरहेको प्रमुख सिंहले बताउनुभयो।

# जेनजीका गतिविधि बढ्न थालेपछि काठमाण्डौंको सुरक्षा सतर्कता बढाइयो

**मुख्य सार्वजनिक स्थल तथा सरकारी कार्यालयहरूमा प्रहरीको तैनाथी बढाइयो**



काठमाडौं, २१ असोज। जेनजी युवाहरूका गतिविधि बढ्न थालेपछि संघीय राजधानी काठमाण्डौंको सुरक्षा सतर्कता बढाइएको छ। संवैधानिक आयोगका पदाधिकारीहरूको नियुक्ति खारेजी र जेनजी आन्दोलनमा दमनकारी भूमिका खेल्ने शीर्षस्थ नेताहरूलाई पक्राउ गर्न चौतर्फी दबाव बढ्न थालेपछि काठमाण्डौंका मुख्य सार्वजनिक स्थल तथा सरकारी कार्यालयहरूमा प्रहरीको तैनाथी बढाइएको हो।

जेनजी पुस्ताका युवाहरूले सामाजिक सञ्जालमार्फत तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र तत्कालीन गृहमन्त्री रमेश लेखकलाई पक्राउ गर्न दबाव दिइरहेका छन्। जेनजीको एक समूहले आज बिहान अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त प्रेमकुमार राई र सबै आयुक्तहरूको राजीनामाको माग गर्दै औपचारिक रूपमा निवेदनसमेत दर्ता गराएको छ।

ओली र लेखकलाई पक्राउ गर्नेबारे हिजो बेलुकी प्रधानमन्त्री सुशीला कार्कीले सबै सुरक्षा अङ्गका प्रमुखहरूसँग छलफल समेत गर्नुभएको थियो। यद्यपि प्रहरीले लिखित जवाफ माग गर्दै जाहेरी लिन नमानेको बताइएको छ।










मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)